कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

खलङ्गा, सल्यान

☎ ०८८-५२०१३०

## सिलबन्दी मूल्यसूची आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०२/०३

यस कार्यालयको आ.ब.२०७८/७९ को स्विकृत बार्षिक कार्यक्रम अनुसार जमिन तयारी, हार्भेस्टिङ्ग, बाली संरक्षण तथा प्रशोधनमा प्रयोग हुने र साना सिंचाईसँग सम्बन्धित मेशिनरी/उपकरणहरुमा कृषकलाई अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले इच्छुक आधिकारिक आपुर्तिकर्ताहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी मूल्यसूची पेश गर्न सूचित गराइन्छ ।

शर्तहरुः

१ यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र नगद रु.१०००/- अक्षरेपी एक हजार रुपैयाँ मात्र (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट सिलबन्दी मूल्यसूची फाराम खरिद गर्न सकिने छ ।

२ मूल्यसूची फाराममा आफ्नो नाम, ठेगाना, कबोल गरेको अंक र अक्षरमा स्पष्ट लेखी सिलबन्दी गरी १६ औं दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएको सिलबन्दी मूल्यसूची फाराम सोही दिन दिनको २:०० बजे मूल्यसूचीदाता वा नीजको प्रतिनिधिको रोहबरमा खोलिने छ । खोल्ने समयमा सिलबन्दी मूल्यसूचीदाता वा नीजको प्रतिनिधि नरहेको अवस्थामा पनि खोल्न बाधा हुने छैन ।

३ बिक्रेताले मूल्य सूचीकासाथ, बिक्रेताको फर्म/ब्यवसाय दर्ता प्रमाण-पत्र, भ्याट/प्यान दर्ता प्रमाण-पत्र, आ.व. २०७७/७८ को कर चुक्ता प्रमाण-पत्र, निर्माता कम्पनीको नेपाल स्थित आपूर्तिकर्ता/बितरकले प्रदान गरेको आधिकारिक बिक्रेताको प्रमाण पेश गर्नु पर्ने छ।

४ सिलबन्दी मूल्यसूची पेश गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने समयमा दर्ता गराउन सकिने छ ।

५ हुलाक, कुरियर तथा इमेल मार्फत प्राप्त भएको वा रित नपुगी प्राप्त भएको मूल्य सूची उपर कुनै कारबाही हुने छैन ।

थप जानकारीको लागि कार्यालयको फोन नं. ०८८-५२०१३० मा सम्पर्क गर्न कार्यालयको वेबसाइटः www.adosalyan.gov.np हेर्न सकिने छ ।

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख